(Nepali)

nhcosh

*Safe Jobs - Workers' Rights*

सुरक्षित रोजगार - कामदारहरुको अधिकार

---------------------------------------------------------------------------

(WC तथ्य जानकारी पाना __ अंग्रेजी - 8-30-2007 – Kantipur font)

# कामदारहरुको लागि क्षतिपूर्ति

### घाइते कामदारहरुको हित निम्ति औषधि उपचारको सुबिधा र अशक्तले पाउने सुबिधा

यदि तपाई काममा (आफ्नो रोजगारमा) घाइते हुनु भएको छ वा कामको कारणले आफू बिरामी पर्नु भएको छ भने कामदारहरुको क्षतिपूर्ति कार्यालयले (अथवा वर्कर्स् कम्पले) औषधि उपचारको पैसा तिर्ने छ। यदि यी कारण बाट तिन दिन भन्दा बढी काममा जान सक्नु भएन भने सो कार्यालयले आफूले खप्नु पर्ने नोक्सानको ६० प्रतिशत रकम ब्यहर्ने छ। कामदारहरुको क्षतिपूर्ति भनेको सबै कामदाताहरु (employees) वा रोजगारदाताहरुले कामदारहरुलाइ **दिनै पर्ने** एक किसिमको बीमा (इन्स्यरेन्स) हो।

### यो क्षतिपूर्ति हित र सुबिधा सबै खालको कर्मचारीहरुको लागि हो

कस्को गल्तिले चोटलागको वा घाइते भएको हो त्यो सङ्ग मतलव छैन। धेरै जसो केसमा आंशिक, अस्थायी अथवा स्थायी प्रवासी लगायत सबै कर्मचारीले क्षतिपूर्ति पाउन सक्छ। खास चाहिने कागजात नभैकन काम गर्दै गरेका कामदारहरु पनि यी क्षतिपूर्तिको लागि कानूनि तरिकाले योग्य छन्।

### घाइते भएको जानकारी दिने

तपाई काममा घाइते हुनु भएको छ भने तपाईले आफनो रोजगार दातालाई बताउनु होस्। तपाईले दुर्घटना सम्बन्धी फर्म (form 8aWCA) तुरुन्त भरी हाल्नु होस्। त्यस्को एक प्रति नक्कल आफूमा राख्न कुनै पनि हालतमा नबिर्सनु होस्। काममा घाइते भएको वा बिरामी परेको जानकारी दिने म्याद दुई बर्ष रहे पनि तुरुन्त खबर गर्नु अति राम्रो हो।

### चिकित्सक देखाउने

कामको सिलसिलामा चोटपटक लागेको छ भने चिकित्सक रोज्ने अधिकार आफूमा रहन्छ। दोश्रो डाक्टरको राय लिने अधिकार पनि आफूमा रहन्छ। प्रायःजसो केसहरुमा तपाईले कुनै पनि चिकित्सक रोज्न सक्नु हुन्छ।

क्षतिपूर्तिको लागि managed care (व्यवस्थित हेरचाह) ले जिम्मा लिएको छ भने चिकित्सक चाहिं उनिहरुले दिने नामावलि मध्ये वाटनै छान्नु पर्छ।

यदि तपाईको स्वास्थ स्थिति रोजगार सित सम्बन्धित छ भने सो कुरा चिकित्सक, अस्पताल र अन्य स्वास्थ्य व्यवसायीहरुलाई पक्कै पनि बताउनु होस्। उनिहरुले बिल तपाईको नाउंमा पठाउनुको साटो तपाई काम गर्ने कम्पनीको नाउंमा पठाउनु पर्छ।

यदि कामको सिलसिलामा तपाईलाइ चोटपटक लागेको छ वा तपाई बिरामी हुनु भएको छ भने चिकित्सकलाई उन्को प्रतिवेदानमा सो कुरो उल्लेख गर्न लाउनु होस्। तपाईको स्थितिको वर्णन उपर्युक्त तरिकाले गर्न लाउनु होस्। चिकित्सकको प्रतिवेदनमा तपाईले पहिले गर्दै आएको काममा तपाई फर्कन सक्नु हुन्छ या हुन्न वा कुनै कामगराइमा केही सीमित रहन्छ कि सो सबै उल्लेख गर्नु पर्छ। यी कुराहरुको जानकारी आफ्नो

कामदातालाई दिनु होस्। कामदाताले चिकित्सकको आदेश पालना गर्नै पर्छ।

## कामामा फर्किने

तपाईं काममा जान सक्ने या नसक्ने वा कति हद सम्म कुन काम गर्न सकिन्छ यी कुराहरु उल्लेख गरेको फर्म (75WCA-1) चिकित्सक वाट लिन जरुर पनि नभुल्नु होस्। एक प्रति नकल आफ्नो काम गर्ने कम्पनि लाई दिनु होस्, अनि एक प्रति जरुर पनि आफू सित राख्नु होस्। तपाईंको कम्पनिले अवश्य पनि चिकित्सकको निर्देशनलाई मान्नै पर्छ।

## यदि तपाईंको दाबीलाई इन्कार गऱ्यो भने

यदि कामदारहरुलाई क्षतिपूर्ति दिने बीमा सस्थानले तपाईंको दाबीलाई इन्कार गऱ्यो भने त्यतिकै नत्याग्नु होस्। कुनै बीमा संस्थानहरुले तपाईंलाई निरुत्साहित पार्न पहिलो पल्ट ईन्कार गर्छन्। ईन्कार गरेको खण्डमा तपाईंले सो को बिरुध्द न्यू हाएम्पशायर श्रम बिभागमा उजूर गर्ने कुरा सोच्नु पर्छ। उजुर गर्ने आधा भन्दा बढी घाइतेहरुले मुद्दा जितेका छन्। ईन्कार गरेको मितिले १८ महिना सम्म सुनुवाईको लागि अनुरोध गर्न सकिन्छ।

## कानूनी सहयोग

यदि तपाईलाई अधिवक्ताको मद्दत चाहिन्छ भने कामदारको क्षतिपूर्ति सम्बन्धी पूर्ण दखल भएको अधिवक्ता खोज्नु होस्। तपाईले बयेना (सुरुमा दिने) पैसा दिनु पर्दन। यदि उजुर गर्दा मुद्दा जित्यो भने तपाईंले पाउने बाँकि रकमको बीस् प्रतिशत (पांच खण्डको एक खण्ड) अधिवक्ताले पाउंछ। हाऱ्यो भने अधिवक्तालाई एक पैसा पनि तिर्नु पर्दैन।

## न्यू हाएम्पशायर श्रम बिभाग वाट सहयोग

बढी जानकारी वा सहयोगको लागि न्यू हाएम्पशायर श्रम बिभागमा 271-3176 मा फोन गर्नु होस्। कामदारको क्षतिपूर्ति दाबी बिभागको कर्मचारीसंग कुरा गर्नु पऱ्यो भन्नु होस्। अथवा तलको वेब साईटमा जानु होस्।

http://www.labor.state.nh.us/